म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ४८ २०८० पुस २० गते शुक्रबार 5 January 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**ग्राहक वर्गमा हार्दिक अनुरोध**

विद्युत सम्बन्धी कुनै पनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिची जानकारी गराउनुहोस् । हामी तपाईको समस्या समाधान गर्न २४ सै घण्टा समर्पित रहनेछौं ।

**नेपाल विद्युत प्राधिकरण**

**बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा**

## सामुदायिक विद्यालयमा अर्धवार्षिक परीक्षा सुरु



*हेटौंडा-१८, दोभानचौरस्थित कमला आधारभूत विद्यालयमा बिहिबार परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर क्षेत्रका ५४ वटा विद्यालयमा अर्धवार्षिक परीक्षा सुरु भएको छ। बिहिबारबाट सुरु भएको परीक्षा पुस २६ गतेसम्म सञ्चालन हुनेछ। नगरस्तरीय शैक्षिक समन्वय समितिको सहजीकरणमा परीक्षा भइरहेको छ ।

नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रश्नपत्र तयार पारेर ५४ वटै विद्यालयलाई उपलब्ध गराएको समितिका अध्यक्ष भोगेन्द्र लुइटेलले जानकारी दिनुभएको छ। हेटौंडा उपमहानगरमा ७३ वटा सामुदायिक विद्यालय छन् । परीक्षा बिहान साढे १० बजेदेखि साढे १२ बजेसम्म एक सिफ्ट हुन्छ भने दोस्रो सिफ्ट साढे १ बजेदेखि साढे ३ बजेसम्म हुन्छ। परीक्षा सञ्चालन तथा व्यवस्थापनमा हेटौंडा उपमहानगर पालिकाको शिक्षा महाशाखाले परीक्षाको सञ्चालन तथा व्यवस्थापनमा कुनै किसिमको सहभागिता र सहजीकरण गर्ने गरेको छैन ।

सामुदायिक विद्यालयका शिक्षकहरुले सञ्चालन गरेको समन्वय समितिले नै परीक्षा सञ्चालन तथा व्यवस्थापनको कार्य गर्दै आइरहेको छ । अर्धवार्षिक परीक्षाको नतीजा आगामी माघ १५ गतेसम्ममा सार्वजनिक गरिसक्ने योजना बनाएको अध्यक्ष लुइटेलले बताउनुभएको छ ।

## डा. अर्यालद्वारा पदमपोखरी अस्पतालमा सेवा सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ स्थित पदमपोखरी अस्पतालले बुधबारदेखि मेडिकल अधिकृत डा. निशान अर्यालद्वारा सेवा सुरु गरेको छ। पदमपोखरी स्वास्थ्य चौकीको स्तरोन्नति गर्दै हेटौंडा उपमहानगरपालिकाले पदमपोखरी अस्पताल बनाएपछि डा. अर्यालबाट सेवाग्राहीलाई सेवा दिन सुरु गरेको हो ।

बुधबार डा. अर्याललाई हेटौंडा उपमहानगरपालिका-१३ का वडा अध्यक्ष अनिलकुमार बानियाँको प्रमुख आतिथ्यमा अस्पतालमा स्वागत गरिएको हेटौंडा उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख भोला चौलागाईले जानकारी दिनुभयो । चौलागाईका अनुसार स्वातम कार्यक्रममा वडा विकास समिति, स्वास्थ्य व्यवस्थापन समिति तथा अस्पतालका कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

अस्पतालमा डा. अर्यालका साथ स्टाफ नर्स बास्ना लामा स्याङ्तानको पनि आगमन भएको छ। पदमपोखरी अस्पतालले पहिलो चरणमा ओपीडीको सेवा प्रदान गरिरहेको छ । अस्पतालको अर्को लक्ष्य इमर्जेन्सी, प्रयोशाला, ५ शैयाको वार्ड र बीमा सुचारु गर्ने रहेको डा. अर्यालले जानकारी दिनुभयो ।

अस्पतालले ओपीडीमा दैनिक २०-२५ जना जाँच गर्न आउने गरेका छन् । डा. अर्यालले पहिला हेटौंडा अस्पतालको इमर्जेन्सी विभागमा सेवाग्राहीलाई सेवा प्रदान गर्नुहुन्थ्यो। उहाँले हेटौंडा अस्पतालमा राजीनामा दिएर स्थानीयमा सेवा दिन आउनु भएको हो ।

अन्य जिल्लाहरुको नगरमा स्थानीय अस्पताल राम्रो भएजस्तै हेटौंडा उपमहानगर पालिकाको पनि स्थानीय अस्पतालको स्तर वृद्धि गर्दै जाने अपेक्षा रहेको डा. अर्यालले बताउनुभयो । सुरुमा सेवाको लागि अस्पताल हुनुपर्ने भन्दै उहाँले अस्पतालमा प्राथमिक हेरचाह, प्रमुख रोकथामका अनुसार काम गर्ने बताउनुभएको छ । ओपीडीमा चाहिने लगभग सबै सामान आएको डा. अर्यालले बताउनुभयो ।

अहिले पदमपोखरीमा डा. अर्यालका साथ एक जना इन्चार्ज, प्यारामेट्रिक, २ जना नर्सिङ स्टाफ, प्रयोगशाला सहायक र कार्यालय सहायकले सेवा प्रदान गरिरहेका छन् । हेटौंडा उपमहानगरपालिकाले नगर अस्पतालका लागि मेडिकल अधिकृत नियुक्त गर्न लिएको लिखित परीक्षामा डा. अर्याल उत्तीर्ण हुनुभएको थियो ।

## उपचारको क्रममा शिशुको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा उपचारको क्रममा ३ महिनाको शिशुको मृत्यु भएको छ । अस्पतालमा शनिबार अपराह्न भर्ना भएका शिशुको बुधबार दिउँसो शल्यक्रियापश्चात् मृत्यु भएको हो ।

दाहिने तिघ्राको हड्डीमा संक्रमण भई शल्यक्रिया गरेपछि शिशुको मृत्यु भएको हो । मृत्यु हुने शिशु हेटौंडा-१५ बस्ने ३३ वर्षीय रश्मी रुम्बाको छोरी रियासा रुम्बा रहेकी छिन् । शल्यक्रिया गर्नुअघि बच्चा खाली पेट भएकोले शल्यक्रियापछि दूध सर्केर मृत्यु भएको अस्पतालका अर्थोपेडिक सर्जन डा. रामचन्द्र सापकोटाको अनुमान छ । पीडित परिवारले डाक्टरको लापरवाहीका कारण शिशुको मृत्यु भएको आरोप लगाए पनि शल्यक्रियामा कुनै कमजोरी नभएको उहाँले बताउनुभयो ।

बिहीबार दिउँसो पीडित परिवारले आगामी दिनहरुमा यस्ता प्रकारको घटना फेरि भएमा आन्दोलन गर्ने चेतावनी दिएको छ । शिशुको शव पीडित परिवारले लगिसकेको बताइएको छ ।

## नगरप्रमुख लामाद्वारा शौचालय उद्घाटन



*शौचालयको चाबी वडा अध्यक्षलाई हस्तान्तरण गर्नुहुँदै नगरप्रमुख लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले बिहिबार हेटौंडा-४, हुप्रचौरमा शौचालय उद्घाटन गर्नुभएको छ । शौचालयको निर्माण भने संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले गरेको हो । स्थानीय सरकारको रुपमा हेटौंडा उपमहानगरपालिका स्थापित भएको ६ वर्ष बितिसक्दा समेत हेटौंडा उपमहानगर पालिका आफैंले भने एउटा पनि सार्वजनिक शौचालय निर्माण गर्न सकेको छैन ।

शारीरिक अशक्तहरुका लागि समेत उपयुक्त हुने गरी शौचालय निर्माण गरिएको बताइएको छ । सार्वजनिक शौचालयको व्यवस्थापन र सञ्चालन वडा कार्यालयले गर्नेछ । ३३ लाख ७० हजार रुपैयाँ लागतमा शौचालय निर्माण गरिएको हो । खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख उज्जवल प्रजापति, वडा अध्यक्ष नवीन सिग्देलको समेत उपस्थितिमा शौचालय उद्घाटन गरिएको हो ।

**हार्दिक बधाई**



विकेशलाल श्रेष्ठ



सुरेश श्रेष्ठ

*जेसीआई हेटौंडा वर्ष २०२४ का लागि अध्यक्ष पदमा निर्वाचित विकेशलाल श्रेष्ठ र श्रमिक पूर्वविद्यार्थी समाजको संयोजक चयन हुनुभएका सुरेश श्रेष्ठलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।*

**अनिल पाण्डे/रमिता पाण्डे**
**संस्थापक**
**जेनिथ स्कुल/हेटौंडा सिटी कलेज**
**हेटौंडा-५, पिप्ले**

**हार्दिक आभार**

खेलकुद विकास समिति मकवानपुरगढी गाउँपालिकाको आयोजना, बंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) मकवानपुरगढी-२ कुर्लेदमारको संयोजन तथा व्यवस्थापनमा संचालन भएको राष्ट्रपति रनिङ्शिल्ड छनौट प्रतियोगिता-२०८० लाई मिति २०८० साल पुस १७ र १८ गते भव्य बनाउन सहयोग गर्नुहुने मकवानपुरगढी गाउँपालिकाको कार्यालय, सहभागी भई कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण माध्यमिक विद्यालयका सहभागी विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, विद्यालयका सहकर्मी साथीहरु, खेलका निर्णायक, अभिभावक, शुभचिन्तक लगायत सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

उक्त खेलकुद कार्यक्रमबाट जिल्लास्तरीय राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिताका लागि छनौट हुनुभएका सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई बधाई साथै आगामी चरणको सफलताको शुभकामना/समग्र खेलकुद अन्तर्गत प्रथम हुन सफल शारदा मावि, द्वितीय हुन सफल वंशगोपाल मावि, तृतीय हुन सफल चण्डिका मावि र सान्त्वना हुने भानु मावि लगायत सम्पूर्णमा हार्दिक बधाई आगामी दिनमा शैक्षिक तथा खेलकुद क्षेत्रमा उन्नयनको शुभकामना व्यक्त गर्दछौं । साथै संयोजन तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने गाउँ खेलकुद विकास समितिप्रति आभार व्यक्त गर्दछौं ।

**बिक्रम चौरेल, प्रधानाध्यापक**
**बंशगोपाल मावि (प्राविधिक शिक्षालय)**




**आवश्यकता**

यस महाविद्यालयको चमेना गृहको लागि तपसिल बमोजिमको आवश्यकता भएकोले इच्छुक उम्मेदवारबाट आवेदनको निम्ति आव्हान गरिन्छ ।

१. कुक-इण्डिएन-१
२. कुक-कन्टिनेनटल-१
३. भान्सा सहयोगी-२

माथिका सबै पदहरुका लागि आफ्नो व्यक्तिगत विवरणहरु सहित आवेदन दिन खोजेको पद खुलाई vacancy@hsm.edu.np मा इमेल गर्न वा महाविद्यालयमा आफैं उपस्थित भई सोझै आवेदन गर्न सकिनेछ ।

**आवश्यकता !! आवश्यकता !!**

हेटौडा–०१ मकवानपुर स्थित एक प्रतिष्ठित हस्पिटलका लागि

१. सुपरभाइजर/**हाउसकिपिङ्ग** - १ जना
(पुरुष/महिला – १ वर्ष अनुभव – न्युनतम +२ पास)

२. **क्लिनर/हाउसकिपिङ्ग** - ३० जना
(पुरुष/महिला)

(उमेर १८ वर्षदेखी ३५ वर्ष नकाटेको हुनुपर्ने)
फुलटाईम
नोटः आकर्षक तलब सहित
सम्पर्कः ईजी फ्यासिलिटिज प्रा.लि
९७०४७०२६००, ९८४६२६२७६१

## सम्पादकीय

# सडक विस्तारको चर्चा

करिब ६ महिनाअघि सडक डिभिजन हेटौंडाले महेन्द्र राजमार्गअन्तर्गत् हेटौंडा बजार क्षेत्रको सडक सीमाभित्रको अतिक्रमण हटाउन सूचना प्रकाशित गरेपछि चुलिएको राजमार्ग विस्तारको चर्चा सूचनाको म्याद सकिएसँगै सेलाएको थियो । सडक डिभिजनले आफ्नो कार्यक्षेत्रमा रहेका राष्ट्रिय राजमार्ग (महेन्द्र राजमार्ग)को हेटौंडा बजार क्षेत्रको दायाँबायाँ २५-२५ गज सडक अतिक्रमण गरी निर्मित घरटहरा हटाउन ३५ दिने सूचना प्रकाशित गरेपछि बजार क्षेत्रका घरधनीले समूह समूह बनाएर सर्वोच्च अदालतमा रिट हालेपछि सडक विस्तारको चर्चा सेलाएको हो । सडक डिभिजनले प्राय: प्रत्येक वर्ष सडक सीमाभित्रको अतिक्रमण हटाउन सूचना जारी गर्ने र घरधनीहरु राजनीतिक र कानुनी संरक्षणमा जाने क्रम दशकौंदेखि चलिरहेको छ । यसअघि पनि हेटौंडा बजारको सडक अतिक्रमित घरटहरा हटाउने प्रयास हुँदा सर्वोच्चमा परेको रिटमा अदालतले सडक दायाँ-बायाँ २५-२५ गजभित्रको संरचना हटाउन बाधा नपर्ने र त्योभन्दा बढी हटाउनु परेमा उचित मुआब्जा दिनुपर्ने फैसला गरिसकेको छ । गत असारमा सडक डिभिजनले सूचना प्रकाशन गरेपछि फेरि सयौं घरधनीले सर्वोच्चमा रिट दायर गरेकोमा सर्वोच्च अदालतले मंगलबार रिट खारेज गरिदिएपछि पुन: सडक विस्तारको चर्चा सुरु भएको छ ।

हेटौंडा बजार क्षेत्रमा महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमाभित्र रहेका करिब ५ सय घरटहरा बनेका छन् । सडक अतिक्रमण हटाउने सूचनापछि सडक सीमाभित्रका घरधनीहरु अदालत जाने क्रम मंगलबारको रिट खारेजीपछि रोकिने सम्भावना देखिएको छ । गत असार १० गते सूचना प्रकाशन भएपछि ३५ दिने सूचनाको म्याद समाप्त भएपछि सडक अतिक्रमण हटाउने तयारी गरेको सडक डिभिजनले सर्वोच्चको रिट खारेजीपछि के गर्छ भन्ने कौतुहलता हेटौंडाबासीमा देखिएको छ । हेटौंडा बजार क्षेत्रको राजमार्ग विस्तारका लागि अब कुनै सूचना जारी गर्न आवश्यक नभएको सडक डिभिजन कार्यालय हेटौंडाको दावी छ । एक पटक सूचना निकालेर घरटहरा हटाउन भनिसकेकाले पटकपटक सूचना निकाल्न नपर्ने डिभिजन सडकले जनाएको छ । सर्वोच्चको फैसलासँगै हेटौंडको बजार क्षेत्रमा २५ गज सडक विस्तार गर्न बाटो खुलेको र अदालतबाट फैसलाको पूर्ण पाठ आएपछि सडक विस्तारको प्रक्रिया अगाडि बढ्ने सडक डिभिजनले बताएको छ । कानुनीरुपमा सरोकारवाला निकायको सबै बाटो बन्द भएकाले २५ गज सडक विस्तारमा सहयोग गर्न डिभिजनले अपिल गरेको छ ।

हेटौंडा बजार क्षेत्रको वर्तमान संरचना नहटाउन र हटाउनै परे पनि १६-१६ मिटरमात्र हटाउन स्थानीय घरजग्गा धनी तथा व्यवसायीको समूह संघीय र प्रदेश सरकारका साथै राजनीतिक नेतृत्वलाई आवश्यक लविङ गर्दै आएका छन् । राष्ट्रिय राजमार्गलाई राप्ती नदी किनारबाट बाइपास बनाएर लैजाने विकल्पसहित हेटौंडालाई मानवबस्ती घोषणा गरेर बजार क्षेत्रमा १६-१६ मिटरमात्र सडक विस्तार गर्न घरधनी तथा व्यवसायीहरु सहमत रहेको बताइएको छ । राजमार्गलाई नै बाइपास गरी अन्यत्रबाट लैजानुपर्ने बजार क्षेत्रका घरधनी र व्यवसायीको माग जायज देखिए पनि यो राजमार्ग अन्तर्राष्ट्रिय सडक सञ्जालमा जोडिएकाले उक्त माग पूरा हुने सम्भावना न्यून छ । एसियाली विकास बैंक तथा विश्व बैंकको सहयोगमा पूर्वपश्चिम (महेन्द्र) राजमार्गलाई एसियन हाइवेको रुपमा विकास गरिहरको हुँदा यसको विस्तार र स्तरीकरणमा अवरोध गर्नु सान्दर्भिक देखिँदैन । प्रदेश राजधानी भएको, बढ्दो जनघनत्व र सवारी चाप वृद्धि भइरहेका कारण पनि हेटौंडा बजारक्षेत्रको सडक फराकिलो बनाउन सबै पक्ष सकारात्मक बन्नुपर्छ ।

रातोमाटेदेखि राप्ती पुलसम्म ६ किलोमिटर क्षेत्रमा ३ सय घरधुरी सडक सीमाभित्र रहेका छन् । कतिपय घरधनीले सडक विस्तारमा सहयोग गर्दै सडक सीमा छाडेर संरचना निर्माण गरिरहेका छन् । तत्काल सडक विस्तारको लागि सडक डिभिजनसँग पर्याप्त स्रोत नभएकाले स्रोत साधनको सुनिश्चिततापछि सडक विस्तार सुरु हुने बताइएको छ । सडक अतिक्रमण हटाउन आवश्यक इक्युपमेन्ट तयारी अवस्थामा नै रहेको सडक डिभिजनले दावी गरेको छ । तर, सडक अतिक्रमण हटाएर बजारलाई खण्डहर बनाउनु समस्याको समाधान हुँदैन । एसियन हाइवेको रुपमा विकास भइरहेको महेन्द्र राजमार्ग ढिला-चाँडो विस्तार स्तरोन्नति गर्नैपर्छ । महेन्द्र राजमार्गको विभिन्न खण्ड विस्तार र स्तरीकरणको काम भइरहेकाले हेटौंडा बजार क्षेत्रमा पनि सडक अतिक्रमण हटाउने क्रमसँगै सडक स्तरीकरणको काम पनि हुनुपर्छ । यसका लागि सडक डिभिजनले मन्त्रालयसँग समन्वय गरेर हेटौंडा बजार क्षेत्रको सडक स्तरीकरणको काम अघि बढाएर सडक अतिक्रमण हटाउनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : प्रतिद्वन्द्वीहरु परास्त हुने समय योग छ । |
| वृष | : प्रतिष्ठा र व्यवसायबाट उन्नति बढ्ने छ । |
| मिथुन | : अध्ययन–अध्यापन ठिकै रहने समय छ । |
| कर्कट | : पुरस्कार र प्रतिष्ठा प्राप्ति हुने समय छ । |
| सिंह | : धार्मिक तथा सामाजिक काममा दायित्व बढ्ला । |
| कन्या | : अध्ययन– अध्यापनका काममा ध्यान केन्द्रित । |
| तुला | : कार्यक्षेत्रमा गएर विशेष जानकारी बटुलिने छ । |
| वृश्चिक | : स्वास्थ्य स्थिति प्रति ख्याल राख्दा राम्रो रहला । |
| धनु | : धार्मिक यात्रा योगमा सरिक भइने समय छ । |
| मकर | : धार्मिक तथा सामाजिक काममा समय बित्ला । |
| कुम्भ | : पढाइ–लेखाइ मध्यमकारक नै मान्नुपर्दछ । |
| मीन | : धार्मिक कृत्य र सामाजिक काममा सरिक भइने छ । |

# रेमिटेन्स, बालकुमारी घटना र दलाल पुँजीवाद



✍नन्दलाल खरेल

युवा इतिहासका सर्जन, युगका अग्रगामी ताकत, क्रान्तिका वाहक तथा देशका रक्षक हुन् । हाम्रो देशमा युवा अर्थतन्त्रका प्राणवायु हुन् । प्राणवायु भनेको विदेशमा पुगेका युवाले पठाएको रकम अर्थात् विप्रेषण हो ।

आर्थिक परिदृश्यमा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (रेमिटेन्स) महत्वपूर्ण अर्थतन्त्रको टेकोका रुपमा रही आएको छ । अर्थतन्त्रमा घट्दो कृषि र बढ्दो रेमिटेन्सको स्थिति छ । मानव जीवनको आधारभूत आवश्यकता पूरा गर्ने आम्दानी पनि स्वदेशमै बसेर गर्न नसकेपछि नै अधिकांश युवाले वैदेशिक रोजगारी रोजेका हुन् । मुलुकको राजनीतिक तथा सरकारको गलत नीतिका कारण आज युवा वस्तु तथा सेवाझैँ विदेश निर्यात भएका छन् । तर हाम्रा युवा विदेशी श्रम बजारमा पुगी खुन र पसिनासँग रेमिटेन्स साटिरहेका छन् ।

पछिल्लो समय कोरिया नेपाली युवाका लागि आकर्षक श्रम गन्तव्य बनिरहेको छ । स्वदेशमा पसिना बगाउने अवसर नभएपछि र परिवार चलाउन अर्थात् जीवन धान्न गाह्रो भएपछि हाम्रा युवा दक्षिण कोरियामा इपिएस प्रणालीमार्फत रोजागरीका लागि आकर्षित भएका छन् । तर यही पुस १३ गते शुक्रबार रोजगारीका लागि दक्षिण कोरिया जाने परीक्षाका लागि आवेदन दिन नपाएपछि प्रदर्शनमा उत्रिएका युवामाथि प्रहरीले बल प्रयोग गर्दा दुई जनाको ज्यान गएको छ । यो घटनाले गृह मन्त्रालयको अक्षमता छताछुल्ल भएको छ । युवा देश छोड्न खोज्दै थिए तर देशको गृह सुरक्षाले संसार छोड्नुपर्ने बनाइदिए । रोजगारी सिर्जनासहित नवीन रुपान्तरणको कार्यभार पूरा गर्ने अठोट लिएको सरकारले नै दुई जनाको ज्यानै गुमाउनुपर्ने स्थिति बनाएकाले सबै नेपालीलाई मर्माहत बनेका छन् । भोको पेट राजधानी आएर विदेश गई श्रम बेच्ने सपना साँचेका युवाका बुवाआमा तथा परिवारजनलाई झनै मर्माहत बनाएको छ ।

पानीजहाज निर्माणको कामका लागि कोरियाली भाषा परीक्षा दिएर अनुत्तीर्ण भएकाहरूले उत्पादनमूलक कामका लागि हुने भाषा परीक्षामा सहभागी हुन पाउनुपर्ने माग गर्दै गरेको प्रदर्शनका क्रममा प्रहरीले गोली चलाउँदा दुई युवाको मृत्यु भएको थियो । गोली लागेर मृत्यु भएका ती दुई युवकको परिवारका लागि सरकारले १०-१० लाख रुपैयाँ दिने भएका छन् । उक्त घटनाका घाइतेको उपचारमा लागेको खर्च सरकारले बेहोर्ने निर्णय गरको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बालकुमारी घटनाका दोषीलाई कारबाही गर्ने बताएका छन् । घटनामा कमजोरी देखाई भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाका पीएसओ र प्रहरी अधिकारीलाई निलम्बनसमेत गरेका छन् । मृतक युवाको परिवारले जतिसुकै रकम पाए पनि र सरकारले जसजसलाई कारवाही गरे पनि उनीहरूले पुनर्जीवन पाउँदैनन् । लाससँग पैसा कहिल्यै साट्न सकिँदैन ।

दलाल पुँजीवादी अर्थनीतिका कारण आज ठुलो सङ्ख्यामा युवा रोजगारको खोजीमा विदेश पलायन भएका छन् । यद्यपि हाम्रो संविधानमा रोजगार हरेक व्यक्तिको मौलिक अधिकारको रुपमा राखिएको छ । त्यति मात्र होइन संविधानमा हाम्रो अर्थव्यवस्था समाजवाद उन्मुख हुने भनी घोषणा गरिएको छ । दलाल पुँजीवादको घनीभूत उपस्थिति मुलुकको सङ्घीय गणतन्त्रमा प्रवेश गरेपछि झन् बढेर गयो । दलाल पुँजी भनेको राष्ट्रको पूँजी, कच्चा पदार्थ, जनशक्ति, प्राकृतिक स्रोतसाधनहरु साम्राज्यवादी एकाधिकार पुँजीपतिवर्गलाई बेचेर उनीहरूले दिएको जुठोपूरोमा बाँच्ने पुँजी हो । दलाल पुँजीवादले राष्ट्रिय उत्पादनको अभिवृद्धि गर्दैन । यसको प्रवृत्ति देशका युवा जनशक्तिलाई विदेश निर्यात गरी उनीहरूको रगत र पसिनाबाट साटेको रेमिटेन्सबाट प्राप्त रकमले उतैबाट उत्पादन भएको सामान आयात गरी ठुलो रकम कमिसनबाट आर्जन गरेको छ । यो अत्यन्तै दु:खद अवस्था हो ।

५. मुलुकको राजनीतिक तथा सरकारको गलत नीतिका कारण आज युवा वस्तु तथा सेवाझैँ विदेश निर्यात भएको छन् । कैयौँ विकसित राष्ट्र आफ्ना वस्तु तथा सेवा विश्व बजारमा बिक्री गरेर समृद्ध तथा सम्पन्न भएका छन् । तर हाम्रा युवा विदेशी श्रम बजारमा पुगी सस्तो श्रमसँग रेमिटेन्स साटिरहेका छन् । कैयौँ दिदीबहिनी आफ्नो अस्तित्वलाई रेमिटेन्ससँग साटिरहेका छन् । मुलुकका लागि यो राम्रो कुरा होइन । किनभने यसले मुलुकलाई परिनिर्भरता बढाउने गर्छ । सरकारको युवा नीतिले जुन लक्ष्य र उद्देश्य राखेर युवालाई परिचालन गर्ने भनेको छ, त्यसलाई प्रभावकारी रुपमा कार्यान्वय गरिएको छैन । युवा तथा खेलकुद मन्त्रालयले युवा नीतिको उद्देश्यअनुसार काम गर्न राष्ट्रिय युवा परिषद् र युवा स्वरोजगार कोष गठन गऱ्यो । तर परिषद् र कोष हुँदै झिनामसिना विषयमा अल्झिरहेका छन् ।

अन्तर्राष्ट्रिय आप्रवासन वर्तमान समाजको एउटा प्रमुख चरित्र बनेको छ । विश्व जनसङ्ख्याको ३.५ प्रतिशत अर्थात् २७.२ करोड जनसङ्ख्या आफ्नो जनसङ्ख्या जन्मभूमिबाहिर बसोवास गर्छन् । बाहिर बसोवास गर्ने जनसङ्ख्याको करिब ६३.५ प्रतिशत आप्रवासी श्रमिकका रुपमा काम गर्छन् । नेपालमा पनि ठुलो संख्यामा नेपाली श्रमिकहरु वैदेशिक रोजगारका लागि अन्य राष्ट्रमा जाने गरेको पाइन्छ । वर्तमान समयमा नेपालको जनसङ्ख्याको ठुलो भाग युवा जनसङ्ख्या दर ११.४ प्रतिशत भएको र त्यसको पनि एक तिहाइ दीर्घकालीन रुपमा बेरोजगार रहेको अवस्थामा वैदेशिक रोजगारको ठुलो सङ्ख्यामा नेपाली युवालाई रोजगारीको अवसर प्रदान गरेको छ । सरकारको हालको प्राथमिकता वैदेशिक रोजगारको क्षेत्रमा सङ्ख्यात्मक पक्षभन्दा पनि गुणात्मक अवसरहरू केन्द्रित रहेको छ । यसका लागि समान कामका लागि समान ज्याला रोजगारदाता आफैँले छनोट लगायत बेहोर्ने श्रमिकको हकहितको प्रत्याभूति र उच्च सीपका अवसर जस्ता विविध क्षेत्रमा केन्द्रित भई वैदेशिक रोजगारबाट प्राप्त हुने प्रतिफल उच्च रुपमा वृद्धि गराउन नेपाल सरकार प्रयासरत रहेको छ । लेखक डा. माधव अधिकारीको शब्दलाई सापटी लिँदै भन्नुपर्दा खाडी मुलुकमा पसिना बगाइरहँदा आफ्नै गाउँघरमा मलामीसम्मको जनशक्ति नभएको विभिन्न सञ्चार माध्यममा प्रकाशित भइरहेको छ । वैदेशिक रोजगारीबाट आएको विप्रेषणले सधैँ देश विकास हुन्छ र ? सोच्नुपर्ने बेला आएको छ । दिनहुँ बाकसमा बन्द भएर आउने नेपाली युवाका शव र तिनका आश्रित परिवारका आँसुबारे सोच्न ढिला भइसकेको छ ।

वैदेशिक रोजगार नीति २०६८ अनुसार यो क्षेत्रलाई सुरक्षित भरपर्दो तथा विश्वसनीय बनाउँदै यसबाट प्राप्त हुने पत्यक्ष वा अप्रत्यक्ष फाइदालाई उपयोग गरी दिगो आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउने उल्लेख गरिएको छ । यस नीतिमा विप्रेषणलाई मानव विकासको कार्यमा उपयोग गर्दै उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न देहायबमोजिमका प्रावधान राखिएका छन् :

क) वैदेशिक रोजगारका क्रममा हासिल गरेको सीप, ज्ञान र उद्यमशीलता स्वदेशमा उपयोग गरी स्वरोजगार र रोजगारका अवसर विस्तार गर्न अनुकूल वातावरणको सिर्जना गर्ने ।

ख) वैदेशिक रोजगारमा जाने श्रमिक तथा निजका परिवारलाई वित्तीय साक्षारता प्रदान गरी विप्रेषणको उपयोग प्रभावकारी बनाउने ।

ग) विप्रेषणलाई आधिकारिक माध्यमबाट पठाउन उत्प्रेरित हुने गरी बैङ्क तथा वित्तीय संस्थाहरूबाट विशेष प्याकेज कार्यक्रम सञ्चालन गर्ने ।

घ) वैदेशिक रोजागर बचतपत्रको उपयोग गरी नेपाली श्रमिकहरुले आर्जन गरेको रकमको सुरक्षित व्यवस्थित र उत्पादनशील क्षेत्रमा उपयोग गर्न जोड दिने ।

ङ) आकर्षक लगानीका क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकता आयोजनाहरुमा वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरुको सेयर लगानी पाउने गरी विशेष व्यवस्था गर्ने ।

च) वैदेशिक रोजगारबाट फर्केका नेपाली श्रमिकले हासिल गरेको ज्ञान, सीप, क्षमतालाई स्वेदशमा उपयोग हुने गरी उद्यम विकाससम्बन्धी मेसिनरी औजार उपकरणको आयातमा भन्सार तथा कर लगायतका विशेष छुट प्याकेज सुविधा उपलब्ध गराउने छ । विप्रेषण तथा यसको अधिकतम उपयोगका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने ।

युवा मानव जीवनको सबैभन्दा उर्वरशील, गतिशील जवानीले भरिपूर्ण अवस्था हो । नेपाल जनसङ्ख्याको झन्डै ४० प्रतिशत युवाले ओगटेको छ । हाम्रो देशका युवा अर्थतन्त्रका प्राणवायु हुन् । त्यति मात्र होइन युवा देशका मणि हुन् । यो मणिलाई बिदेसिनु नपर्ने वातावरण सिर्जना गर्नुपर्छ । श्रम बेचेर आएको रेमिटेन्सले जीवन निर्वाह गर्ने प्रवृत्तिले मुलुकको आमूल परिवर्तन हुँदैन । मुलुकको समृद्धिको सूत्र रेमिटेन्स होइन । रेमिटेन्सले परनिर्भरता बढाउँछ । जबसम्म देशले युवाको उपयोग गर्न सक्दैन तबसम्म मुलुक समृद्ध हुन सक्दैन । वैदेशिक रोजगारी स्वदेशमा राष्ट्रिय विकास नहुँदासम्मको अल्पकालीन विकल्प मात्र हो । देशको भविष्य कस्तो हुन्छ भन्ने कुरा देशका युवाको सोच र क्रियाकलापबाट हुन्छ । युवा मुक्तिका लागि गाउँदेखि सहरसम्म, विद्यालयदेखि विश्वविद्यालयसम्म, सडकदेखि सदनसम्म, नेपाली श्रमबजारदेखि विश्व श्रम बजारसम्म लडिरहेका छन् । देश चलाउने मुख्य मेरुदण्ड युवा शक्तिलाई देशमै रोजगारी सिर्जना गर्नुको सट्टा र ेमिटेन्सबाट देश चलाउन घृणित नीतिले देश संसारकै सबैभन्दा कङ्गाल राष्ट्रका रुपमा दर्ज हुन सक्छ । तसर्थ मुलुकलाई स्वाधीन र सम्पन्न बनाउने हो भने युवा निर्यात होइन नेपाली वस्तु तथा सेवा निर्यात गरी विश्व बजारमा पुऱ्याउन अपरिहार्य देखिन्छ । यसलाई सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।

*(स्रोत: रातोपाटी)*

# बच्चामा नेतृत्व गुण विकास गर्न सिकाउनुपर्ने ५ कुरा



✍पदम जोशी, मनोविद

सबै अभिभावक आफ्ना छोराछोरीलाई उपयोगी कुरा सिकाउन चाहन्छन् । उनीहरूको व्यक्तित्व राम्रोसँग विकास गर्न चाहन्छन् ताकि उनीहरूले ठूलो भएपछि सफलता हासिल गर्न सकुन् ।

जीवनमा सफलता हात पार्न आमाबाबुले छोराछोरीहरूमा नेतृत्व गुणको पनि विकास गर्नुपर्छ । बालबालिकामा नेतृत्व गुण विकास गर्नु भनेको उनीहरूको आत्मविश्वास बढाउनु र व्यक्तिगत, व्यावसायिक स्तरमा उनीहरूको विकासलाई प्रोत्साहन दिनु हो ।

यदि बच्चामा नेतृत्वको गुण छ भने उसले आफ्नो रुचिको क्षेत्रमा उत्कृष्ट काम गर्न सक्छन् । नेतृत्व भनेपछि राजनीति भन्ने एउटा सोच छ समाजमा । तर नेतृत्व राजनीति मात्र होइन, परिवार समाजमा पनि आवश्यक हुन्छ । त्यसैले बच्चालाई नेतृत्व विकास भनेको के हो भन्ने कुरा बुझाउनुपर्छ ।

बच्चाहरूमा शारीरिक, भावनात्मक, बौद्धिक र मानसिक विकास हुने क्रममा नै नेतृत्व गुणको विकास भयो भने उनीहरुले आफ्नो क्षेत्रमा सफलता हात पार्न सक्छन् ।

बच्चामा नेतृत्व गुण विकास गर्ने सबैभन्दा राम्रो तरिका कुनै कुरा देखाएर नै हो । बच्चासँग कुराकानी गर्दा जिम्मेवारी र सहानुभूति झल्किने गरी प्रभावकारी ढंगले गर्नुपर्छ । कार्य क्षेत्रमा र समाजमा नेतृत्व गरिरहेको अभिभावकबाट बच्चाले पनि धेरै कुरा सिकिरहेको हुन्छ । अभिभावकले गरेको कुरा र कामलाई बच्चाले याद गरिरहेका, पछ्याइरहेका हुन्छन् । अभिभावकको व्यवहारमा नेतृत्व कौशल देखेर बच्चाहरुले पनि यसलाई अपनाउन थाल्छन् ।

बच्चामा नेतृत्व गुण विकास गर्न जति महत्वपूर्ण भूमिका अभिभावकको हुन्छ, त्यति नै महत्वपूर्ण भूमिका विद्यालयका शिक्षक-शिक्षिकाको पनि हुन्छ । त्यसैले बच्चामा नेतृत्व गुण विकास गर्न शिक्षक र अभिभावकले बच्चालाई मुख्यगरी यी पाँच कुरा सिकाउनुपर्छ ।

**सञ्चार सीप**

यो एउटा सीप हो जुन हरेक बालबालिकामा हुनु जरुरी छ । कुराकानी गर्ने गुण अर्थात् सञ्चार सीपले हरेक व्यक्तिलाई जीवनमा अगाडि बढ्न मद्दत

....बाँकी पृष्ठ ३ मा

# नेकपाको स्कुलिङ कार्यक्रम सुरु

समाज संवाददाता

हेटौंडाः नेकपा स्थायी समिति सदस्य अनिल लोले पुँजीवादी सामाजको विकास गर्नुपर्ने बताउनुभएको छ। बुधबार नेकपा नारायणी व्युरोको आयोजनामा भएको स्कुलिङ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सदस्य लोले पुँजीवादीमाथि पूर्णरुपमा क्रान्ति सफल गर्न मार्क्सवादको विचार, दृष्टिकोणको विकास गरी व्यवहारमा लागू गर्नुपर्ने बताउनुभएको हो ।

देशको पछिल्लो राजनीतिक परिवेशलाई मध्यनजर गर्दै नेकपाले विभिन्न परिस्थितिमा पनि स्कुलिङ कार्यक्रमको आयोजना गरेको उहाँले बताउनुभयो । कठिन परिस्थितिबाट गुज्रिँदै आएको नेपाललाई निकाश दिन पश्चगमनतिर लैजान पर्ने, समाजवादी षड्यन्त्रको भण्डाफोर गर्दै जनतालाई समाजवादतर्फ लैजानुपर्ने उहाँले बताउनुभयो ।

एकीकृत जनक्रान्तिको समाज र देश चलाउन सक्ने, राजनीतिक भूगर्भका तथ्यहरु पत्ता लागाउन सक्ने, निकट भविष्यमा हुनसक्ने आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनसम्बन्धी समाजको नेतृत्व गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ । स्थायी समिति सदस्य तथा स्कुलिङ विभागका इन्चार्ज भरत सीले विगतका दिनहरुमा आयोजना हुँदै आएको स्कुलिङ कार्यक्रम भन्दा फरक ढंगबाट कार्यक्रमको आयोजना भएको बताउनुभयो । नेपालमा एकीकृत जनक्रान्तिमार्फत् कम्युनिस्ट क्रान्ति सफल पार्ने अवसर पाएको उहाँले बताउनुभयो ।

पार्टीका केन्द्रीय सदस्य तथा दक्षिण-पूर्व मकवानपुरका इन्चार्ज राम सीले जुनसुकै लडाइँ र क्रान्ति जित्न सैद्धान्तिक ज्ञान, सिद्धान्त र व्यवहारमा महत्वपूर्ण भूमिका हुने बताउनुभयो । एटम सीको सभाध्यता तथा नेकपाका स्थायी समिति सदस्य अनिल सीको प्रमुख आतिथ्यमा भएको कार्यक्रम आइतबारसम्म सञ्चालन हुनेछ ।

## बच्चामा नेतृत्व...

गर्न सक्छ। भनिन्छ नि 'बोल्नेको पीठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन' । त्यसैले बच्चालाई अरूको अगाडि आफ्नो कुरा खुलेर र स्पष्टसँग राख्न सिकाउनुपर्छ। यदि बालबालिका हुर्किएर मिडिया, राजनीति, मार्केटिङ जस्ता क्षेत्रमा करिअर बनाउन चाहन्छन् भने 'कम्युनिकेसन स्किल' उनीहरुको लागि निकै उपयोगी हुन्छ ।

आजकल सञ्चार सीप सुधार गर्न विभिन्न तालिम लिने चलन छ । तर यदि आमाबाबुले बच्चालाई सानैदेखि सबैसँग कुरा गर्न प्रेरित गरे उनीहरुलाई लाभदायक हुन्छ ।

**हार स्वीकार्न**

कठिनाइ र गल्तीहरुप्रति सकारात्मक दृष्टिकोण अपनाउने आमाबाबुका बच्चाले नयाँ कुरा सिक्ने क्षमता राख्छन् । बालबालिका धेरै किसिमका क्रियाकलापमा सहभागी हुन्छन् तर हारेको खण्डमा निराश हुन सक्छन् । हारे पनि प्रयास गर्न छोड्नु हुँदैन । प्रयास गरिरहँदा सफल भइन्छ भन्ने कुरा बच्चालाई सिकाउनुपर्छ। बच्चालाई बुझाउनुपर्छ कि जीवनमा जीत र हार दुवै स्वीकार गर्नुपर्छ। बालबालिकामा हार स्वीकार गर्ने बानीको विकास गरियो भने यो गुण नेतृत्व विकासको लागि सहयोगी हुन्छ ।

**सामाजिक कार्यक्रममा सहभागी हुन**

बालबालिकाले सक्रिय रुपमा सामाजिक काममा भाग लिएपछि मात्र बालबालिकामा नेतृत्वको गुण विकास हुन सक्छ । यस्ता गुण विकास गर्न छोराछोरीहरुलाई सामाजिक कार्यक्रमहरुमा भाग लिन प्रेरित गर्नुपर्छ । सामाजिक कार्यक्रममा भाग लिंदा उनीहरुले अरुसँग मिलेर काम गर्न सिक्छन् । यसले पनि उनीहरुको नेतृत्व गुणलाई बढाउँछ ।

**खेलकुदमा सहभागी गराउने**

खेलकुद शारीरिक क्रियाकलापका लागि मात्रै होइन, मानसिक स्वास्थ्यलाई पनि उत्तिकै महत्वपूर्ण हुन्छ । खेल वा खेलकुदमा संलग्न बालबालिकाले आफ्नो समस्या आफैं समाधान गर्न सक्छन्। यस्ता बालबालिका प्रायः समस्या समाधानमा केन्द्रित हुन्छन् । जसले उनीहरुमा नेतृत्व गुणको विकास पनि हुन्छ ।

**आत्मविश्वास बढाउन सहयोग गर्ने**

बाल्यकालदेखि नै आफ्ना बच्चाको आत्मविश्वास बढाउन सहयोग गर्नुपर्छ । आत्मविश्वास बढाउन बच्चालाई अतिरिक्त क्रियाकलाप, विद्यालय समारोह र सामाजिक कार्यक्रम आदिमा भाग लिन प्रेरित गर्नुपर्छ । यस्ता गतिविधिले बालबालिकाको आत्मविश्वास बढाउँछ । आत्मविश्वास भएका बच्चा अक्सर नयाँ काम गर्न हिच्किचाउँदैनन् । यो नेतृत्वको लागि धेरै महत्वपूर्ण गुणमध्ये एक हो ।

*(स्रोतः अनलाईनखबर)*


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## परीक्षा सबैको इच्छा बनोस् ।

यस वर्ष विद्यालको वार्षिक परीक्षा अघिको अन्तिम परीक्षा बिहिबारबाट शुरु भएको छ। शतप्रतिशत विद्यार्थीहरुको उपस्तिथिमा परीक्षा सौहार्दपूर्ण वातावरण सञ्चालन भइरहेको छ। तर परीक्षा हलमा छिर्नु अघि र पछि परीक्षार्थीहरुको अनुहारको देखिने डर त्रासको भावले विद्यार्थीहरुले परीक्षालाई सहजरुपमा लिएको देखिँदैन। यदाकदा उनीहरुको कुरा सुन्दा पनि निष्कर्ष यस्तै निस्कन्छ ।

आवधिक लिखित परीक्षा आफैंमा विद्यार्थीहरुको पूर्ण मुल्याङ्कन गर्न सक्ने प्रक्रिया होईन। यद्यपि अभिभावक, विद्यार्थी तथा कतिपय अवस्थामा शिक्षकहरुले समेत परीक्षालाई एक किसिमको हाउगुजीकोरुपमा लिएको पाइन्छ । वास्तवमा परीक्षा स्वमुल्याङ्कन र सिकाईको पनि अवसर हो भन्ने कुरा बुझ्न नसक्दा परीक्षा सबैको लागि टाउको खाने विषय भएको हो । प्रत्यक्षरुपमा विद्यार्थीले परीक्षा दिने भए तापनि मुल्याङ्कन भने शिक्षक, विद्यालय, शिक्षण पद्दति समेत भैइरहेको हुन्छ । यि मध्ये सबैभन्दा बढि भार भने विद्यार्थीहरुले बोकिरहेका हुन्छन् । त्यसपछि केही शिक्षकले, केही विद्यालयले बोकेको हुन्छ। शिक्षण पद्दति, परीक्षा प्रणाली आदिले बोक्ने भार जनबुझाईमा निकै कम छ। जबकि यो ठयाक्कै उल्टो हुनु पर्थ्यो ।

यदि शिक्षण पद्दति सही दिशामा निर्देशित भयो र परीक्षा प्रणाली ठिक हुने हो भने विद्यार्थीले परीक्षाको ठुलो चिन्ता लिनुपर्ने हुँदैन । पूर्णरूपमा तयारी भएको विषयमा जुनसुकै बेला परीक्षा लिँदा पनि कसैलाई केही फरक पर्दैन । त्यो स्वभाविक, सरल र सामान्य हुन्छ। तर प्रायः सिकाई एकातिर र परीक्षामा सोधिने प्रश्नहरु अर्कोतिर हुन जाँदा विद्यार्थीहरु अलमलमा परेको देखिन्छ। उत्कृष्ट परिणाम निकाल्नुपर्ने दवावले पनि परीक्षामा सबैको पारो चढाएको हुन्छ। विद्यार्थीले प्राप्त गर्नुपर्ने आधारभूत सिकाई उपलब्धि एकाईको अन्त्यमा मापन गर्ने तथा विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्र निर्माण र सोहि अनुरुपको प्रश्नले खोजेको आयामहरु समेटिने गरी उत्तर लेख्ने कलाको विकास गराइदिने हो भने परीक्षा अनिच्छा होइन सबैको इच्छा बन्न सक्दछ र बनोस् पनि ।

## अभिभावक वर्गमा सूचना

विद्यालयको परीक्षा पौष १९ गते बिहिबारदेखि शुरु भएको छ । केही अभिभावकहरुलाई बारम्बार फोन गर्दा, सूचना पठाउँदा पनि फोन नउठाउने, सम्पर्कमा नआउने, पहिलो त्रैमासिक परीक्षादेखि नै ग्रेडसिट (रिजल्ट) लिन नआउनुभएको तथा शुल्क भुक्तानीमा समेत कुनै चासो नदेखाउनु भएको कारण सो त्यस्ता अभिभावकका बालबालिकाहरु तथा दुई महिना भन्दा बढि समयको शुल्क तिर्न बाँकी विद्यार्थीहरुलाई विद्यालयले थप दुई दिनका लागि अस्थायी प्रवेशपत्र उपलब्ध गराएको कुरा जानकारी गराउँदछौं । उक्त दुइदिन भित्र विद्यालयको सम्पर्कमा आउनुहुन र शुल्क भुक्तान गरीदिन हुन हार्दिक अनुरोध गदर्छौं ।


## निजी स्कुल कायमै राख्न सहमत

# जिशिका खारेज गर्नुपर्ने माग

काठमाडौंः गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघले संविधानअनुसार माध्यमिक शिक्षाका सम्पूर्ण अधिकार स्थानीय तहलाई दिने गरी शिक्षा विधेयक संशोधन गर्न माग गरेका छन् । तर निजी विद्यालय सञ्चालकले चाहे मात्रै 'सार्वजनिक शैक्षिक गुठी'मा रुपान्तरित हुने प्रस्तावमा भने सहमति जनाएका छन् ।

'विद्यालय शिक्षा विधेयक २०८०' माथि छलफल गरिरहेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले बिहीबार गाउँपालिका महासंघ र नगरपालिका संघका पदाधिकारीहरुलाई बोलाएको थियो । छलफलका क्रममा स्थानीय सरकारहरुको तर्फबाट विधेयकमा गर्नुपर्ने संशोधनबारे लिखित रुपमै पेश गरेका छन् ।

नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना र गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले संयुक्त रुपमा समितिमा बुझाएको प्रस्तावमा निजी विद्यालय सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरित हुने विषयमा केही बोलिएको छैन । छलफलका क्रममा पनि दुबैले यसबारे केही बोलेनन् । निजी विद्यालय सार्वजनिक शैक्षिक गुठीमा जाने विषय स्वेच्छिक बनाउने विधेयकको प्रस्तावमा मौन बस्ने सहमति भएको नगरपालिका संघका अध्यक्ष ढुंगाना बताउँछन् ।

'हाल सञ्चालनमा रहेका निजी स्कुलका सन्दर्भमा संघीय सरकारको एउटा एप्रोच आएको छ। यसमा थप छलफल होला', संघका अध्यक्ष ढुंगानाले अनलाइनखबरसँग भने, 'हामीले चाहिँ धेरै व्याख्या गर्नेभन्दा हामी निजी विद्यालय सञ्चालनलाई तत्काल निरुत्साहित नगरौं भन्नेमै छौं ।' सुरुमा यो विधेयकमा हाल सञ्चालनमा रहेका निजी विद्यालयहरु ५ वर्षभित्र 'सार्वजनिक शैक्षिक गुठी' मा रुपान्तरित हुनुपर्ने उल्लेख थियो। तर निजी विद्यालय सञ्चालकहरुले विद्यालय बन्द गरेर आन्दोलन गर्ने घोषणा गरेपछि सरकार पछि हट्यो ।

२७ भदौ २०८० मा शिक्षामन्त्री अशोककुमार राईले प्रतिनिधि सभामा दर्ता गरेको विद्यालय शिक्षा विधेयकमा अब खुल्ने निजी विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने भनिएको छ । तर हाल सञ्चालनमा रहेका निजी स्कुलहरुलाई भने शैक्षिक गुठीमा जाने नजाने ऐच्छिक छोडिएको छ। दफा ५(३) मा भनिएको छ, 'यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएपछि शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ ।'

संघका अर्का एक पदाधिकारीका अनुसार निजी स्कुललाई यति वर्षभित्र सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुनुपर्ने भनी समय तोक्नसक्ने अवस्था नभएको नगरपालिका संघ र गाउँपालिका महासंघको निष्कर्ष छ । 'यस अगाडि सरकारले पाँच वर्षभित्र गुठीमा जानुपर्ने गरी विधेयकको मस्यौदा तयार पारेलगत्तै त्यसको प्रभाव देखिएको थियो । निजी स्कुल संचालकले राजनीतिक पहुँच समेतका आधारमा पाँच वर्षे प्रावधान हटाएका थिए', ती पदाधिकारी भन्छन्, 'यसकारण हामीले यस सन्दर्भमा बोल्ने आँट गर्न सकेनौं ।'

गाउँपालिका महासंघ र नगरपालिका संघले सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालय कुनै कारणले बन्द भए वा संचालन हुन नसके त्यस्तो विद्यालयको चल अचल सम्पत्ति भने स्थानीय तहको हुनुपर्ने माग भने अघि सारेका छन् । प्रस्तावित विधेयकमा संघीय सरकारको हुने भनिएको छ। यसलाई बदलेर त्यस्तो चल अचल सम्पत्ति स्थानीय तहले अर्को कुनै सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्थाको प्रयोगमा ल्याउन सक्ने व्यवस्थाका लागि सुझाइएको छ ।

*स्रोतः अनलाइनखबर ।*


## ओम आरोग्य उपभोक्ता सहकारी संस्था लिमिटेडको

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको ११ औं वार्षिक साधारण सभा यहि मिति २०८० साल पौष २० गतेका दिन शुक्रबार ११ बजेबाट हेटौंडा-४ स्थित पशुपति मन्दिरको सभाहलमा आयोजना हुने भएकाले यस संस्थाका सम्पूर्ण शेयर सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि सादर निमन्त्रणा गर्दछौं ।

**ओम आरोग्य उपभोक्ता सहकारी संस्था लि.**

**हेटौंडा-४, पशुपति मन्दिर चोक**

**सम्पर्कः ९८४५०३०१७२**



## श्री भोजसिद्ध माध्यमिक विद्यालय

**मनहरी गाउँपालिका-५, बसन्तपुर**

### शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०७९/०४/१३ गते*

यस विद्यालयमा रिक्त रहेको प्राथमिक तहका लागि एक जना शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकोले शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको मिति २०७९/४/११ को पत्रानुसार (च.नं. ५७) पदपुर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसील**

विज्ञापन नम्बर (०१/०७९/०८०
पदः प्रावि करार
संख्याः १ (एक जना)
शैक्षिक योग्यताः दश जोड दुई (प्लस टु)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
तलबः नेपाल सरकारको प्रचलित नियमानुसार
परीक्षा दस्तुरः १,०००/-
दरखास्त दिने अन्तिम मितिः २०७९/०४/२९ गते विद्यालय समयभित्र
सम्पर्क मितिः २०७९/०४/३० गते
परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।
परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन

**बुझाउनुपर्ने कागजातहरूः**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान ।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान ।
ग) अध्यापन अनुमतिपत्रको प्रतिलिपि २/२ थान ।
घ) हस्तलिखित निवेदन (१ थान मात्र) ।

**थप जानकारीका लागि**

**वि.व्य.स. अध्यक्षः ९८४५१०३१७५, वडा अध्यक्षः ९८५५०८८१०५, प्र.अ. ९८४५०२८२०३**



## मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को

### २४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको २४ औं वार्षिक साधारण सभा यहि मिति २०८० साल पौष २८ गते शनिबारका दिन सम्पन्न हुने भएकाले सम्पूर्ण शेयर सदस्यहरुलाई पत्राचार गरिसकेको र पत्र प्राप्त नभएका शेयर सदस्यहरुले यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**तपसिलः**

१) साधारण सभामा उपस्थित हुन आउँदा संस्थाले वितरण गरिएको परिचय पत्र कार्ड साथमा लिई आउनुहोला अन्यथा उपस्थिति जनाउने छैन ।

२) २०७९ सालको एस.ई.ई. मा उत्कृष्ट सदस्यका छोराछोरी मध्येबाट एक/एक जनालाई सम्मान सहित प्रोत्साहित गर्ने भएकोले लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको छविचित्र यहि २०८० पौष २५ गते भित्र संस्थामा पेश गरिसक्नु पर्ने छ ।

**कार्यक्रमः**

मितिः २०८० पौष २८ गते शनिबार
समयः२०८० पौष २८ गते बिहान १० बजे देखि दिउँसो ४ बजे सम्म उपस्थित हुने ।
२०८० पौष २८ गते दिउँसो १:३० बजे वार्षिक साधारण सभाको प्रस्तावहरुमा छलफल गरी पारित गर्ने ।
स्थानः हेटौंडा-४, स्कूलरोड, संस्थाको आफ्नै भवन



## हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. को

### २४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको २४ औं वार्षिक साधारण सभा तपशिलमा उल्लेखित विषयहरुमा आवश्यक छलफल गरी उपयुक्त निर्णय गर्ने गरी निम्न लिखित मिति, स्थान र समयमा आयोजना गरिएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई सहकारी मूल्य, मान्यता र सिद्धान्त बमोजिम अधिकांश शेयर सदस्यहरुको हित हुने गरी कार्यक्रम अघि बढाउन लक्ष्य र उदेश्य तयार गरी शेयर सदस्य आफू स्वयम् उपस्थिति हुन यसै सूचनाबाट हार्दिक अनुरोध गर्दछौं ।

**प्रस्तावः**

१) अध्यक्षज्यूको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
२) आर्थिक वर्ष २०८०/८१ को वार्षिक योजना तथा बजेट सम्बन्धमा ।
३) आर्थिक वर्ष २०७९/२०८० को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
६) आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७) विनियममा थप व्यवस्था तथा संसोधन सम्बन्धमा ।
८) विभिन्न नीति तथा कार्यविधिहरु पारित सम्बन्धमा ।
९) निर्णय पुस्तिका प्रमाणित सम्बन्धमा ।
१०) विविध ।

**कार्यक्रमः**

मितिः २०८० पौष २१ गते शनिबार
स्थानः श्री नवज्योति मा. वि. को प्राङ्गण हेटौंडा- ७, नागस्वती
समयः बिहान १०:०० बजे देखी

**युवराज गौतम**
**सचिव**

# बाल अधिकारबारे प्रदेशस्तरीय छलफल

समाज संवाददाता

हेटौंडाः बालविवाह, बालश्रम र लागूऔषध प्रयोग, ओसारप्रसार विरुद्धमा एवम् बाल अधिकार संरक्षण सम्बन्धमा प्रदेशस्तरीय एक दिवसीय अन्तरक्रिया कार्यक्रम भएको छ । बिहीबार हेटौंडामा सामाजिक विकास मन्त्रालयको संयोजन र बाल कल्याण समाज मकवानपुरको आयोजनामा अन्तरक्रिया कार्यक्रम भएको हो ।

बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य तथा बाल कल्याण समाज मकवानपुरका संयोजक प्रकाश खतिवडाको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा समाजिक विकासमन्त्री मोक्तानले सामाजिक विकास मन्त्रालयले बालबालिका, महिला, जेष्ठ नागरिकको क्षेत्रमा काम गर्ने जानकारी गराउँदै महिला बेचबिखन, जेष्ठ नागरिकको क्षेत्रमा कानुन निर्माण भएको र बालबालिकाको क्षेत्रमा कानुन निर्माणको चरणमा रहेको बताउनुभयो । शहरमा मानिस धेरै हुने भएकाले बालश्रम शोषण धेरै हुने गरेको उहाँले बताउनुभयो ।

नीतिगत हिसाबले मन्त्रालयले बालबालिकाको क्षेत्रमा गर्नुपर्ने कामलाई अगाडि बढाएको बताउँदै मन्त्री मुक्तानले बालविवाह, बालश्रम र लागूऔषध प्रयोगलाई न्यूनीकरण गर्दै अगाडि बढेको धारणा राख्नुभयो । खुला सीमा भएकाले भारतबाट समेत बालबालिका आएर विभिन्न क्षेत्रमा काम गर्ने गरेकाले बालश्रम भइरहेको उहाँको भनाई छ । बागमती प्रदेश सरकारले स्थानीय सारकारसँग जोडिएर बालविवाह, बालश्रम न्यूनीकरणमा लाग्ने प्रतिवद्धता जनाउनुभयो ।

सरकारले सन् २०२७ सम्ममा नेपाललाई बालश्रममुक्त बनाउने नीति लिएको बताउँदै प्रदेश युवा परिषदका उपाध्यक्ष सान्तोष चौलागाईले बालविवाह, बालश्रम र लागूऔषध प्रयोगलाई न्यूनीकरण गर्न आफू लागिपर्ने बताउनुभयो । कार्यक्रममा सामाजिक विकास माहाशाखा प्रमुख गोपालप्रसाद पौडेलले पहिलेको समयमा घरपरिवारले कम उमेरमा विवाह गरेर पठाउनेमा अहिले विपरित भई आफूखुशी नै विवाह गर्नाले बालविवाहको घटना बढ्दै गएको जानकारी गराउनुभयो ।

बागमती प्रदेश सरकार बालविवाह, बालश्रम न्यूनीकरण गर्न प्रदेशको जिल्लामा गएर बालबालिकाको क्षेत्रमा कार्य गर्ने जानकारी गराउँदै ११९ वटै स्थानीय तहमा जाने बताउनुभयो । महाशाखा प्रमुख पौडेलले कार्यक्रममा बालविवाह, बालश्रम र लागूऔषध प्रयोगलाई न्यूनीकरण गर्न आइपरेका अवसर र चुनौतीको बारेमा छलफल हुने जानकारी दिनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगपालिका-१० का वडा अध्यक्ष फुर्वा दोर्जे लामाले बालश्रम अन्त्य गर्न वडा कार्यालय लागि परेको बताउनुभयो । बालश्रम होटल, ग्यारेजमा धेरै हुने गरेकाले व्यवसायीहरुले नै बालश्रम गराउने गरेको उहाँको भनाइ छ । कार्यक्रममा श्रम तथा रोजगार कार्यालय हेटौंडाका प्रमुख छन्दनारायण श्रेष्ठले विभिन्न निकायको सहयोगमा बालश्रम कम हुँदै गएको बताउनुभयो । पछिल्लो समय बालविवाह, बालश्रमको विषयमा मानिस सचेत भएको तर निरीक्षण हुन नसकेको उहाँको भनाइ छ ।

कार्यक्रममा बाल कल्याण मकवानपुरका अध्यक्ष खतिवडाले प्रदेशलाई बालमैत्री प्रदेश बनाउन आफू लागिपरेको जानकारी गराउँदै बागमती प्रदेशले बालबालिकाको क्षेत्रमा नीति निर्माणको कार्यमा लागेको बताउनुभयो । प्रदेश बालमैत्री हुन बालविवाह, बालश्रममुक्त हुनुपर्नेमा उहाँले जोड दिनुभयो । बालबालिकाको क्षेत्रमा काम गर्न प्रत्येक पालिकालाई प्रदेश सरकारले ३ लाख रुपैयाँ बजेट विनियोजन गरेकोसमेत उहाँले जानकारी दिनुभयो । हेटौंडा बागमती प्रदेशको राजधानी भएता पनि भारतसँगको नाका नजिकै भएकाले लागूऔषध प्रयोगकर्ता बढेको खतिवडाले बताउनुभयो ।

कार्यक्रममा बाल अधिकार र कानुन, ऐन नियम, बाल संरक्षण र बाल अधिकारको कार्यान्वयनमा स्थानीय तहका कार्य र बालविवाह, बालश्रम के हो र यसको प्रभाव र समस्या, न्यूनीकरणमा प्रदेश, स्थानीय तहको भूमिकाको बारेमा छलफलको थियो । जिल्ला समन्वय समितिका सदस्य तारा ढुङ्गाना, सामाजिक विकास मन्त्रालयका महिला बालबालिका महाशाखा प्रमुख अमृत अधिकारीलगायत प्रदेशका सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

## जन्मदिनमा आश्रमलाई सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ निवासी शुक्रम खड्गीले आफ्नो जन्मदिनमा हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई सहयोग गर्नुभएको छ । खड्गी सेवा समाज नेपाल मकवानपुरका अध्यक्ष समेत रहनुभएका खड्गीले बिहिबार जन्मदिनको अवसर पारेर ५ हजार रुपैयाँ बराबरको खाद्यान्न चामल, चिनी, तेल लगायतका सामग्री हस्तान्तरण गर्नुभएको हो ।

## साईकलबाट लडेर चौधरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१५, विष्णुचोकमा साईकलबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बारा जिल्लाको कोहल्वी घर भई हाल भरतपुर महानगरपालिका-१५, भद्रकालीटोलमा बस्ने ५० वर्षीय देवेन्द्र चौधरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चौधरी बुधबार बिहान ९ बजेर ४५ मिनेटको समयमा आफैंले चलाएको साइकलबाट लड्दा घाइते भएका थिए । घाइते चौधरीलाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा बुधबार बिहान १० बजेर १५ मिनेटको समयमा मृत्यु भइको प्रहरीले जानकारी दिएको छ ।

## हृदयघातबाट भारतीय नागरिकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, दासढुङगामा गम्भीर हृदयघात भएर भारतीय नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत महाराष्ट्रका ५४ वर्षीय जाकेर उस्मान मिर्जा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार काठमाडौं जाँदै गरेको भारतीय एनएल ०१ एसि १२४६ नम्बरको कन्टेनरमा यात्रा गरेर आएका मिर्जालाई एक्कासी अप्ठ्यारो हुँदा कन्टेनर रोकी साथीले उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगेकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडा सिटी कलेजमा २९ जनाले रक्तदान गरे



रक्तदान गर्दै हेटौंडा सिटी कलेजका विद्यार्थी ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित हेटौंडा सिटी कलेजले रक्तदान कार्यक्रम आयोजना गरेको छ । कलेजले साप्ताहिकरुपमा अतिरिक्त सामाजिक क्रियाकलापअन्तर्गत बिहिबार रक्तदान कार्यक्रम गरेको हो ।

कार्यक्रममा २९ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा कलेजका विद्यार्थी, शिक्षक, कर्मचारीले रक्तदान गरेका थिए । पुस २१ गते शनिबार मकवानपुर उद्योग वाणिज्य संघले पनि रक्तदान कार्यक्रम आयोजना गर्दैछ । संघको वार्षिक साधारणसभाको अवसरमा रक्तदान कार्यक्रम आयोजना गर्न लागेको हो ।

## जनहीतमा जारी सन्देश
## घटना दर्ता गरौं

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु लगायतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**उद्धव सत्याल**
**वडा अध्यक्ष तथा**
**१७ नम्बर वडा कार्यालय परिवार**

## हेटौंडा उपमहानगरपालिका
## २ नम्बर वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गंभिर असर पार्ने गर्दछ । यसको अन्त्यका लागि सरोकारवालाहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

**विष्णुगोपाल महर्जन**
**वडा अध्यक्ष तथा**
**२ नम्बर वडा कार्यालय परिवार**

## वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम ( जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**दामोदर गौतम**
**वडा अध्यक्ष तथा**
**७ नम्बर वडा कार्यालय परिवार**

## वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम ( जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**सुनिल मोक्तान**
**वडा अध्यक्ष तथा**
**१५ नम्बर वडा कार्यालय परिवार**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

## QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ